# ईश्वरलाई चिठी कवितामा विचार र कलाको संयोजन

*टीकादेवी पौड्याल*[1]*

[1]*उप-प्राध्यापक, मानविकी संकाय, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी*

** Email: tikatsb@gmail.com*

## Article Info

**Article History:**

*Submitted 01 November 2023*

*Reviewed 25 December 2023*

*Revised 23 January 2024*

*Accepted 31 January 2024*

**Corresponding Author:**

*Tika Devi Poudel*

*Email: tikatsb@gmail.com*

**Copyright Information:**

*Copyright 2024© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

## लेखसार

*ईश्वरलाई चिठी* कवितामा विचार र कलाको संयोजन कुन रूपमा भएको छ भन्ने कुरामा केन्द्रित रही यो लेख तयार गरिएको छ । विचार र कलाका विविध पक्षहरूको सैद्धान्तिक अध्ययनका लागि विभिन्न सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा सङ्कलन र अध्ययन गरिएको छ । त्यही सैद्धान्तिक आधारमा प्राथमिक स्रोतका रूपमा रहेको *ईश्वरलाई चिठी* कविताको विचार र कलाको संयोजनको विश्लेषण गरिएको छ । कविताको विचार र कलाको संयोजनका अध्ययनका लागि विचारतर्फ शीर्षक, भाव वा विषयवस्तुलाई आधार मानेर र कलातर्फ भाषाशैली, छन्द र लय विधान, बिम्बविधान, रसविधान तथा अलङ्कारका आधारमा विश्लेषण गरिएको छ । *ईश्वरलाई चिठी* कविता विचारका दृष्टिबाट हेर्दा ईश्वरीय चेत वा अध्यात्मवादी चेत भरिएको कविता देखिन्छ । ईश्वर जताततै भएर पनि आफूले देख्न नसकेको पुकारा नै ईश्वरलाई चिठी हो । प्रस्तुत कविताको शीर्षक आफैँमा कलापूर्ण पाइन्छ र कवितामा विचारप्रवाह गर्ने भाषाशैली सरल र सुन्दर रहेको छ । प्रस्तुत कविताको विचारअनुसारको छन्दको छनौटमा उपयुक्तता पाइन्छ । त्यस्तै गरी छन्द र विचारअनुसारका सुन्दर बिम्बहरूको छनौटले कवितालाई सुन्दर र आकर्षक बनाएको पाइन्छ । प्रस्तुत कवितामा शान्त रसको प्रयोग भएको छ जुन ईश्वरीय चेत वा अध्यात्मजस्ता विचारमा प्रयुक्त रस हो । कविता विश्लेषणको अर्को पक्ष अलङ्कारका दृष्टिबाट हेर्दा प्रस्तुत कवितामा स्वभावोक्ति, संशय, उपमा, अन्त्यानुप्रास, अतिशयोक्ति, रूपक जस्ता अलङ्कारहरू प्रयोग भएका छन् जुन अलङ्कारहरूले कवितालाई पठनीय र श्रुतिमधुर बनाएका छन् । कवितालाई छन्दअनुसार सुन्दर बनाउने गति र यति हुन् । प्रस्तुत कवितामा गति र यतिको नियम सम्पूर्ण रूपमा पालन गरिएको पाइन्छ । यी माथि प्रस्तुत गरिएका सबै पक्षहरूलाई विश्लेषण गर्दा *ईश्वरलाई चिठी* कवितामा विचार र कलाको संयोजन रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुन्जि:* सौन्दर्यपरक, लयात्मकता, श्रुतिमधुर, अलङ्कार, भावाभिव्यक्ति

## परिचय

साहित्यका विविध विधाहरूमध्ये कविता विशिष्ट प्रकृतिको विधा हो । यो मानिसले अनुभूत गरेका विषयवस्तुको सौन्दर्यपरक तथा कलात्मक रूपको भाषिक अभिव्यक्ति हो । यसमा थोरै शब्दमा धेरै कुरा भन्नसक्ने सामर्थ्य रहेको हुन्छ । साथै कवितामा प्रयोग हुने बिम्ब, लयात्मकता, शिल्प तथा गेयात्मकताले कवितालाई मिठासपूर्ण र दीर्घ स्मरणयोग्य बनाउँछ । कवितामा प्रयोग गरिने यिनै बिम्बात्मक अभिव्यक्तिका कारणले पनि साहित्यका अन्य विधाहरूभन्दा कविताको बौद्धिक स्तर उच्चकोटिको हुन्छ । फिलिप सिड्नीका विचारमा कविता ज्ञानको अन्य शाखाभन्दा श्रेष्ठ र पुरानो छ । पहिलो पटक सृजना गरिएका विज्ञान तथा दर्शन समेत कविता हुन् । कहाँसम्म भने वेद, महाभारत, रामायण, बाइबल, कुरान पनि कवितामा नै छन् । त्यस्तै गरी सिवा (२०१८) भाषाका माध्यमद्वारा प्रस्तुत गरिने कविको स्वानुभूतिको कोमल, कलात्मक र रसात्मक अभिव्यक्ति नै कविता हो । शर्मा (२०६४) ले कवितालाई अक्षरमा उतारिएको मनको भाषा हो भनेका छन् । यसरी हेर्दा कविता कविको उच्चतम विचारको कलात्मक प्रस्तुति हो जसले मानिसको मानसिक व्यवहारमा परिवर्तन ल्याउन सक्दछ ।

कविता लेखनको पहिलो सर्त लयविधान हो । लयले नै कविता अन्य विधाहरू भन्दा फरक हुन्छ । पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा लयविधानको चर्चा पाइन्छ । लयविधानका आधारमा कविता दुई प्रकारका हुन्छन्; मुक्त लय र बद्ध लय । मुक्त लयमा लेखिएका कविताहरूलाई गद्यकविता भनिन्छ । बद्ध लयमा लेखिएका कविताहरूलाई छन्द कविता भनिन्छ (नेपाल, २०७३)। जुन रचनामा अक्षरको निश्चित सङ्ख्या, क्रम तथा गण, मात्राको विशेष व्यवस्थासहितको गणना र सङगीतसम्बन्धी लय तथा गति यतिको योजना हुन्छ त्यो नै छन्द हो (परिश्रमी, २०७२, पृ:२२) । छन्द भनेको अभिव्यक्तिलाई श्रुतिमधुर वा कर्णपृय बनाई सौन्दर्य चेतनाको अभिवृद्धि गर्ने महत्वपूर्ण साधन हो । यो निश्चित सूत्रमा बाँधिएको हुन्छ । भावाभिव्यक्तिका कलाका स्रोतका रूपमा पनि छन्दलाई लिन सकिन्छ (नेपाल, २०७३) । यसै क्रममा शर्मा मुक्त लय भनेको कविको आफूखुसी लय र यसलाई व्यक्ति लय पनि मान्दछन् (शर्मा, २०७२,पृ १५१,१५२)। यसमा व्यक्तिपिच्छे लय फरक फरक त हुन्छ, एउटै व्यतिका पनि विभिन्न गद्यकविताहरू विभिन्न लयमा हुन्छन् । व्युत्पतिगत अर्थका आधारमा कविता साहित्यको एक विधा हो । कविता अन्तर्गत मुक्तकदेखि फुटकर कविता हुँदै खण्डकाव्य र महाकाव्यसम्मका उपविधाहरू छन् । कविता भाषिक कला हो । यो राघात्मक तथा लयात्मक हुन्छ । कवितालाई अन्य विधाबाट अलग गर्ने भनेको लयात्मकता नै हो । "कवितालयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो र भाषिक प्रयोग-क्षेत्रको लयात्मक सौन्दर्य-उपज पनि हो (त्रिपाठी,२०५४,पृ. १५)।"

कविता गद्य वा पद्य जस्तोसुकै भए पनि कविताको संरचनाभित्र विभिन्न नौ वटा तत्त्वहरू हुन्छन् भनी उल्लेख गरिएको छ - १.शीर्षक, २.संरचना, ३.लयविधान, ४.भाषाशैली, ५.कथन पद्धति,६.केन्द्रीय कथ्य र त्यसका सन्दर्भ सामग्री तथा भावविधान,७.बिम्बविधान तथा अन्य अलङ्करण-प्रविधि, ८.व्यञ्जना र ९.विधागत स्वरूप तथा आयामहरू (त्रिपाठी, २०५४, पृ.१७)।

विचार र कलाको संयोजनविना कविता बन्न सक्दैन । वास्तवमा कवितामा यी दुई तत्त्वहरू कविताका दुई पाटा हुन् । त्यसैले कविताबाट विचार र कला दुईमध्ये कुनै एक पक्षलाई अलग्याउनै सकिँदैन । कवितामा विचार भनेको कविले आफ्नो कवितामार्फत कुनै विषयप्रति दिन चाहेको सन्देश हो । वास्तवमा विचार कविताको उभिन सक्ने शक्ति हो । सिवाका अनुसार भाव/ विचार कविताको मूल वस्तु हो ( सिवा, २०१८) । भाव/विचारविना कविता बन्न नै नसक्ने हुँदा यो कविताको मुख्य तत्त्व नै हो । भाव वा विचार भन्नाले कविताको शब्द शब्दमा अन्तरनिहित शक्ति भन्ने बुझिन्छ । यो कविताको मेरुदण्ड वा केन्द्रीय तत्त्व हो । भाव कविताको

विषयवस्तुमा आधारित रहन्छ । भावले शब्द शब्द र समग्र रचनाको अर्थ प्रकट गर्दछ भने कला कविताको शृङ्गार हो, सौन्दर्य हो । कविताको कलालाई शैली वा शिल्प पनि भनिन्छ । कविताका विचारमा कवित्व भर्ने काम कलाले नै गर्दछ । कला कविताको मिठास हो । कविता थोरै शब्दमा धेरै सन्देश प्रसारण गर्नसक्ने मिठासपूर्ण अभिव्यक्ति हो जुन दीर्घ प्रसारण गर्न सकिने हुन्छ । कवितामा एकसाथ आउने विचार र कलाको उपस्थितिले नै साहित्यका अन्य विधाभन्दा कविता बढी लोकप्रिय भएको हो । यस लेखमा कविताको विचार र कलापक्षको के कस्तो संयोजन रहेको छ भनी विश्लेषण गर्नका लागि कविताको शीर्षक, लयविधान, भाषाशैली, कथनपद्धति, बिम्ब/अलङ्कारलाई आधार बनाइएको छ ।

**समस्या कथन**

*ईश्वरलाई चिठी* शास्त्रीय छन्दमा लेखिएको कविता हो । छन्द कविता निश्चित मात्रा, वर्ण, गति, विराम आदिका धारबाट वन्धित भएको हुन्छ । यस्ता कवितामा विचार र छन्दलाई मिलाउँदा कहिलेकाहीँ कवित्व कमजोर हुन पनि सक्दछ । कवित्वलाई ध्यानमा राख्दा छन्द बिग्रिन पनि सक्दछ । विचार र कलाको संयोजन नै कविताको मर्म हो । यस अधिका अध्ययनहरूमा छन्द कवितामा विचार वा भाव र कलाको संयोजनको अध्ययन नपाइएका कारण यो अध्ययनले प्रस्तुत छन्द कवितामा विचार र कलाको सङ्गतिका उपयुक्ततालाई प्रमुख समस्या मानेको छ ।

साहित्यका विभिन्न विधाहरूमध्ये सबैभन्दा व्याख्यायित विधा कविता हो तर पनि *ईश्वरलाई चिठी* कविता कवि मनोज भण्डारीद्वारा लिखित *ईश्वरलाई चिठी* कविता सङ्ग्रहभित्रको शीर्ष कविताका सम्बन्धमा भाव पक्ष र कला पक्षका संयोजनको अध्ययन भएको पाइँदैन । त्यसैले यस लेखमा उक्त कविता सङ्ग्रहभित्र केकस्ता कविता रहेका छन् ? जस्ता प्रश्नलाई समस्या मानिएको छ । निर्धारित समस्याको समाधान खोज्न यस सङ्ग्रहभित्रको शीर्ष कवितामा भाव पक्ष र कला पक्षको संयोजन पत्ता लगाउनुलाई लेखको उद्देश्य हो ।

**पूर्वकार्यको समीक्षा**

यस संग्रहमा जम्मा बाउन्नवटा कविताहरू सङ्गृहीत छन् । यस कृतिलाई रचनावाचन समूहले २०७४ सालमा प्रकाशन गरेको हो । भण्डारीको यो कृति छन्द कविताहरूको सङ्ग्रह हो । यसभित्रका कविताहरू विभिन्न तेह्रवटा छन्दमा लेखिएका छन् । सङ्ग्रहभित्र छन्दमा विभिन्नता भएजस्तै विषयवस्तुको प्रस्तुतिमा पनि विविधता रहेको पाइन्छ । यो सङ्ग्रह भण्डारीको पहिलो कविता सङ्ग्रह हो । नेपाल लाइभले गरेको कविको चरित्र चित्रणमा, विषयवस्तुको प्रस्तुतीकरण ,कविता लेखन र वाचनका दृष्टिले धेरै पाठक तथा दर्शक श्रोताद्वारा रुचाइएका अब्बल कविका रुपमा भण्डारीलाई चित्रित गरेको छ (पोखरेल, २०७४) । बिम्ब, अलङ्कारको गहन प्रयोगका अतिरिक्त कविका कवितामा देखिने अर्को विशेषता हो भाषिक सशक्तता । उनी आफ्नो आवश्यकता अनुसार छन्दलाई नचाउँछन् न कि छन्दमा आफू नाच्छन् भनी उल्लेख गरिएको छ । त्यस्तै गरी (ढकाल, २०२०) यस सङ्ग्रहमा भएका सबै कवितामा छन्दको चमत्कारी प्रयोग, रस र अलङ्कारहरूको सफल प्रयोग हुनुकासाथै कवितामा सरल, सहज, सरलता, शास्त्रीय छन्द, साङ्गीतिक श्रुतिमाधुर्य र सुललित भाव रहेको छ उल्लेख गरेको देखिन्छ । यसै क्रममा *ईश्वरलाई चिठी* कविता कृतिमाथि पौडेलले कवि भण्डारीको कविताको शब्दकोश बलियो भएको उल्लेख गरेका छन् । मनोजका कविता पूर्वीय परम्पराले स्थापित गरेका संस्कारगत मूल्य तथा पूर्वीय काव्य परम्पराको समृद्ध वाग्धाराबाट काव्यकारिताको निर्माण भएको उल्लेख गरेका छन् । यसका साथै कविताको सौन्दर्य पक्ष र छन्दको शास्त्रीयतालाई पूर्ण इमान्दारी र सचेतनाका साथ प्रयोग भएको कुरा उल्लेख गरेका छन (पौडेल, २०७७) । यस अघिका विभिन्न अध्ययनहरूले कविको कवित्वको चित्रण गरेको पाइएतापनि कवितामा विचार र कलाको संयोजनलाई यहाँ विश्लेषण गरिएको छ ।

**अध्ययनको विधि**

यस कविता कृतिमा रहेको शीर्ष

कवितालाई विचार र कलाका आधारमा विश्लेषण गर्नका लागि कविता सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने कविताको विश्लेषण गर्न कला र विचारको सैद्धान्तिक अध्ययनका लागि द्वितीय स्रोत सामग्रीका रूपमा पुस्तकालय अध्ययनबाट विभिन्न पुस्तक, पत्रिका तथा खोजमूलक लेखहरूलाई प्रयोग गरिएको छ ।

## परिणाम र छलफल

*ईश्वरलाई चिठी* कविता कवि भण्डारीद्वारा लिखित ईश्वरलाई चिठी कविता संग्रहभित्रको शीर्ष कविता हो । संग्रहमा सङ्गृहीत विविध तेह्र छन्दका बाउन्नवटा कवितामध्ये प्रस्तुत कविताचाहिँ उपजाति (इन्द्रवज्रा र उपेन्द्रवज्रा) छन्दमा रचना गरिएको छ । प्रस्तुत कविता अध्यात्मवादमा आधारित रहेको छ । उक्त वादमा यो जीवन जगत्, सम्पूर्ण ब्रह्माण्डको उत्पत्ति गर्ने शक्ति परमात्मामा हुन्छ भन्ने विश्वास राखिन्छ । अध्यात्मको खास अर्थ आफूभित्रको चेतन तत्त्व अनुभूत गर्नु हो । यस चेतन तत्त्वको सोझो सम्बन्ध परमात्मासँग छ । आत्मालाई परमात्माको अंश मानिन्छ । आत्मा र परमात्माबिचको खोज, संसारको रचनामा त्यसको भूमिका, मृत्युपछि वा जन्मनुअघिको यथार्थ, जीवन मरणको चक्रका बारेमा जान्नका लागि आत्ममन्थन गर्नु नै आध्यात्मिक मार्ग हो (अनलाइन खबर, २०७६) । प्रस्तुत कवितामा कविले ईश्वरमाथि भक्तिभावसहित कलात्मक पुकारा गरेका छन् । ईश्वरीय दया नभएमा आफू जड हुने तर्क राख्दै यस्तो जड वस्तुलाई पगालेर निश्चित दिशामा डोहोर्‍याउने, बाँच्नुको सार दिलाउने र कर्तव्यबोध गराउने केवल एकमात्र ईश्वर हुन् भन्ने कविको धारणा रहेको छ ।

## कविताका तत्त्वका आधारमा कविताको विश्लेषण

प्रस्तुत कवितालाई शीर्षक, भाव वा विषयवस्तु, भाषाशैली, छन्द र लयविधान, बिम्बविधान, रसविधान तथा अलङ्कार, गति र यतिका आधारमा विश्लेषण गरिएको छ ।

## शीर्षकीकरण

शीर्षक कविताको मूल भाव हो, सार हो । यसैबाट कविताभित्र के छ भन्ने अनुमान लगाउन सकिन्छ । शीर्षक चयन पनि कविको खुबी हो । शीर्षकले नै पाठकहरूलाई कवितातर्फ आकर्षण गर्दछ। कविले कविताको संरचनाको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षक छनौट गर्दछ । अझ भन्ने हो भने शीर्षकभित्र समग्र विषयवस्तु अटाएको हुन्छ । प्रस्तुत कविताको शीर्षक अत्यन्त कलायुक्त र आकर्षक छ किनभने सामान्य मान्छेको पहुँचले त ईश्वरलाई चिठी लेख्न सक्दैन तर कवि यो कुरामा सामर्थ्य राख्छन् र ईश्वरलाई चिठी लेख्छन् । यस कवितामा आउने सुन्दर पक्ष कला हो । यस शीर्षकले कविताको सार बोक्नुका साथै कलात्मक भएका कारण यो कवितामा भाव, विचार र कलाको सङ्गति पाइन्छ ।

## भाव वा विषयवस्तु

सन्देशविनाको रचना केवल शब्दहरूको सङ्कलनमात्र हुन्छ । कवितालाई उभिन सक्ने सार्मथ्य कविताको भाव वा विचार पक्षले दिन्छ । कविताको विचारभित्र विभिन्न दृष्टिकोण तथा दर्शनहरू पर्दछन् । भाव वा विषयवस्तुका दृष्टिले ईश्वरलाई चिठी कविता ईश्वरीय स्तुति वा भक्तिभाव प्रदान रहेको पाइन्छ । यो सृष्टिको उत्पत्तिकर्ता, पालनकर्ता वा सञ्चालनकर्ता सबै ईश्वरीय देन हो र मानिसलाई ईश्वरीय शक्तिद्वारा सृष्टि भएको प्राणीका रूपमा लिइएको छ । उनका लेखनीमा ईश्वरीय भक्तिमा सधैं मन लागोस् भनी पुकारा गरिएको छ ।

## भाषाशैली

कविताको भाव सम्प्रेषण गर्ने मुख्य माध्यम नै भाषा हो । कवितामा आउने बिम्ब, प्रतीक, अलङ्कार सबै भाषाबाटै सम्प्रेषण हुनेहुँदा कविताको स्तरलाई निर्धारण गर्ने निर्धारकका रूपमा भाषाशैली अनिवार्य तत्त्व हो । कविता र पाठकबीच काव्यिक सञ्चार स्थापना गर्न भाषिक शिल्प शक्तिशाली माध्यम हो । भाषिक सरलताले नै कविता पाठकको मनमा भिज्न सफल हुन्छ । ज्ञवालीका अनुसार कवितामा प्रयोग गरिले अक्षर, शब्द, पद, पदावली, वाक्य र भाषिक चिन्ह हुन् ।

सुन्दर कविताको निर्माणकालागि सुन्दर भाषाको चयन हुनुपर्दछ (ज्ञवाली, पृ ८४–८५) । *ईश्वरलाई चिठी* कवितामा कविले विषय वा भावअनुसारको भाषाशैली प्रयोग गरेका छन् । सामान्य पाठकले समेत बुझ्ने अत्यन्तै सरल भाषाशैलीमा कोमल शब्दहरूको प्रयोगसहित यो कविता रचना गरिएको छ । भाषिक सरलताले नै कविता पाठकको मनमा भिज्न सफल हुन्छ । यस दृष्टिले हेर्दा कवि मनोज भण्डारीको प्रस्तुत कवितामा भाषिक सरलता रहेको देखिन्छ । उनको प्रस्तुत कविताको भाषा सम्प्रेषणात्मक, वणर्नात्मक, चित्रात्मक र कलात्मक शैलीमा रहेको पाइन्छ । यस दृष्टिले ईश्वरलाई चिठी कवितामा विचार र कलाको संयोजन रहेको छ ।

## छन्द र लयविधान

लयका आधारमा कविता दुई प्रकारका हुन्छन् बद्ध लय र मुक्त लय । मुक्त कविता गद्यकविता हुन् भने बद्ध लयका कवितालाई पद्य वा शास्त्रीय र लौकिक छन्द भनिन्छ । *ईश्वरलाई चिठी* कविता शास्त्रीय छन्दमा लेखिएको छ । शास्त्रीय छन्दअन्तरगत वणर्मात्रिक छन्दको उपजाति छन्दमा रचना भएको छ । इन्द्रवज्रा र उपेन्द्रवज्राको संयुक्तताबाट यस छन्दको निर्माण भएको हुन्छ । छन्द कविताका तीन प्रकार समवृत्त, अर्धसमवृत्त र विषमवृत्तमध्ये यो कविता समवृत्तमा रचना भएको छ । समवृत्त भनेको कविताका चारै श्लोक बराबर भएको छन्द हो । लयात्मकताका दृष्टिले विवेचना गर्दा कवि मनोज भण्डारीका उक्त कवितामा लयात्मकता र गेयात्मकताको सन्तुलन रहेको पाइन्छ । कवि भण्डारीको यो कविताको भाव विचारसँग छन्दको समायोजन मिलेको पाइन्छ ।

## गति

गति कविताको प्रवाह हो । गतिले कवितामा मिठास ल्याउनुका साथै श्रुतिमधुर बनाउँछ । बद्ध छन्दमा गणमात्रालाई ध्यान दिइने हुनाले गति सहज बग्न सकेको हुन्छ भने मुक्त लयमा कविताको भाव विचारअनुसार, कविताको संरचना, अनुच्छेद र वाचन कलामा गति निर्भर गर्दछ । ईश्वरलाई चिठी कविता शास्त्रीय छन्दअन्तरगत उपजाति छन्दमा रचना भएको हुनाले गतिप्रवाह सुन्दर बगेको छ ।

## यति

यति कवितामा आउने विश्राम हो । छन्द कवितामा छन्दअनुसार आआफ्नै नियम हुन्छन् । यति भनेको विश्राम वा विच्छेद हो । गतिलाई रोक्नका लागि यति निर्धारण गरिएको हुन्छ ( निरौला,२०७२, पृ.१४६) । सामान्यतया सबै पाउका अन्त्यमा यति वा विश्राम हुन्छ नै । त्यसै गरी पद्यको मध्य भागमा पनि यति रहन्छ । ईश्वरलाई चिठी कविता उपजाति छन्द (इन्द्रवज्रा र उपेन्द्रवज्राको संयोजनबाट बन्ने) मा रचना भएको कविता हो । नेपालका उल्लेखअनुसार यस छन्दमा पाँचौं अक्षरपछि विश्राम अर्थात् यति रहन्छ भने पनि शास्त्री अनन्तरामको छन्दो मञ्जरीमा उल्लेख भएअनुसार चौधभन्दा कम अक्षरमा लेखिएका कविताहरूमा यति वा विश्राम उल्लेख गरिएको पाइँदैन । प्रस्तुत कविता एघार अक्षरबाट निर्मित कविता भएको हुनाले पनि यति वा विश्रामको कठोर नियमले यो कविता बाँधिएको छैन तथापि जम्मा चालीसवटा हरफहरूमध्ये छब्बिस हरफमा यतिको नियम पूर्ण परिपालन भएको छ, बाँकी चौध हरफलाई अन्य हरफ जत्तिकै सहज वाचन गर्न सकिन्छ । यसरी हेर्दा प्रस्तुत कवितामा छन्दअनुसारको यति वा विश्रामको नियम पालना भएको पाइन्छ ।

## बिम्बविधान

बिम्ब भनेको वस्तुत्वको व्याख्यालाई चाहिने साङ्केतिक भाषा हो । बिम्बले कवितामा रहेको विचारमा छाया आकृति तयार गर्दछ र पाठकले त्यसलाई सोहीअनुरूप ग्रहण गर्दछ । वैजयन्तीअनुसार कवितामा बिम्ब भनेको कविको मानसपटलमा रहेको तस्बिरलाई मूर्त बनाउने चित्रात्मक भाषा हो (निरौला, २०७२, पृ.८५) । त्यस्तै गरी (थुलुङ, २०१७) बिम्ब भनेको मूर्त वस्तु होइन । वस्तुत्वको व्याख्या हेतु प्रयुक्त माध्यम हो । वस्तुको पनलाई व्याख्या गरिँदा समातिएको एउटा अमूर्त आकृति हो । वास्तवमा बिम्बले कविताको सौन्दर्य बढाउनका साथै भावलाई सार्थक बनाउन

सहयोग गर्दछ । कविताअनुसार बिम्बहरू फरक फरक हुने गर्दछन् । विषयवस्तुअनुसार कवितामा प्राकृतिक ,सामाजिक, राजनैतिक, पौराणिक आदि बिम्बहरू रहन्छन् । प्रस्तुत कविताको शीर्षक ईश्वरलाई चिठी आफैमा बिम्बात्मक अभिव्यक्ति हो । कविताभित्र रहेका बगैँचा,फूल, साउन, असार, आगो, जलबिन्दु, धुलो, नदी, प्राकृतिक बिम्बका उदाहरण हुन् । कवितामा यी बिम्बहरूलाई कुशलतापूर्वक उनिएको छ । त्यस्तै गरी अबीर, मैन, ढिक्का जमेको, सून, सृष्टि, कविता, रङ्ग, अनुहार दृष्टिबिम्बका उदाहरण हुन् भने दैव, ईश्वर, मद, पारद, अर्पिंदै छु, प्रण सांस्कृतिक बिम्बहरू रहेका छन् । प्रस्तुत कवितामा ईश्वरीय भक्तिभावसँग उपयुक्त हुने गरी सुन्दर शब्दहरूको छनौट गरी सिलसिलाबद्ध र मिठासपूणर् बिम्बहरूको प्रगोगले कवितामा विचार र कलाको उचित संयोजन देखिन्छ ।

### रसविधान

रस कविता कलाको एक महत्ववपूणर् अंश हो । काव्यबाट प्राप्त हुने आस्वादनलाई रस भनिन्छ जसले काव्यको ग्रहणसँगै पाठक वा श्रोतामा संवेदना, उत्तेजना, भावुकता, उत्सुकता, क्रोधको प्रसारण गर्दछ । कविताको भाव वा विचार अनुसार प्रयुक्त रस भिन्न भिन्न प्रकारका हुन्छन् । यसै क्रममा भारतीय लेखक साइल्जाका अनुसार रस कविताको अन्तस्करणको शक्ति हो जसका कारण इन्द्रियहरू सक्रिय हुन्छन् र आफ्नो काम गर्न थाल्दछन्, मनले कल्पना गर्छ र मस्तिष्कले लामो समय सम्मका लागि स्मरण बनाउँछ । रस काव्यको आनन्द रूप हो, यो आनन्द विशाल र विराट हुन्छ । *ईश्वरलाई चिठी* शान्त रसमा रचना भएको कविता हो । शान्त रसमा शान्ति र समताको भाव प्रदर्शित भएको हुन्छ । थापाअनुसार सांसारिक अनित्य, तात्विक ज्ञान, वैराग्य भावना, आदि शान्त रसका आलम्बन विभाव हुन् । आध्यात्मिक चिन्तन, तीर्थयात्रा, शास्त्रको अध्ययन र श्रवण, धर्मोपदेश, देव–दर्शन, सत्सङ्ग आदि उद्दीपन विभाव अन्तर्गत पर्दछन् । यस आधारमा हेर्दा *ईश्वरलाई चिठी* कविता शान्त रसमा आधारीत कविता हो भने विचार अनुसारको रसको अनुकूलता भएका कारणले यो कवितामा विचार ,भाव र कलाको संयोजन छ भन्न सकिन्छ ।

### अलङ्कार

कवितामा शृङ्गार भर्ने महत्त्वपूर्ण तत्त्व अलङ्कार हो अर्थात् कवितामा आउने सौन्दर्यको व्यापक रूपलाई नै अलङ्कार भनिन्छ । अलङ्कार सम्बन्धमा (उपाध्याय, २०१६) अलङ्कार कविताको सौन्दर्य अभिवृद्धि गर्ने आभूषण हो वा गहना हो । कवितामा आउने अनुप्रास, यमकजस्ता अलङ्कारले लयगत श्रुतिमाधुर्यको सञ्चारमा भूमिका खेलेको पाइन्छ भने उपमा, रूपक, दृष्टान्त लगायतका अलङ्कारले काव्यको आन्तरिक सौन्दर्यको नै अभिवृद्धि गरी कवितालाई चमत्कारपूर्ण र आकर्षक बनाउँने गरेको देखिन्छ । काव्यमा शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार गरी अलङ्कार जम्मा तीन प्रकारका हुन्छन् । शब्दालङ्कारभित्र अनुप्रास, यमक, वक्रोक्ति, श्लेष आदि अलङ्कार पर्दछन् । त्यस्तै गरी अर्थालङ्कारभित्र उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति आदि पर्दछन् भने शब्द र अर्थ दुवैमा सौन्दर्य र चमत्कार भयो भने उभयालङ्कार हुन्छ, *ईश्वरलाई चिठी* कवितामा विभिन्न अलङ्कारहरूको प्रयोग भएको छ । यसै सन्दर्भमा केही अलङ्कारहरू यहाँ प्रस्तुत गरिएका छन् ।

### सन्देह

सन्देह भनेको शङ्का हो । काव्यमा गरिएको शङ्कालाई यस अन्तरगत लिइन्छ । कवितामा कवि मन स्थिर छैन र आफैमा संशय छ । प्रस्तुत कवितामा यस अलङ्कारको उदाहरण यसप्रकार छ

म बन्न सिङ्गो सुन पाउँला कि?

र मात्र तिम्रो हुन पाउँला कि?

प्रस्तुत कवितांशमा शङ्का छ । ईश्वरको आराधना गरे पनि आफू सुन जस्तो पवित्र र मुल्यवान बन्न सकिन्छ कि सकिन्न भन्ने कुरामा शङ्का छ साथै सुन बन्न नसके आफू ईश्वरको बन्न नसक्ने संशय व्यक्त गरिएकोले कवितामा सन्देह अलङ्कारको प्रयोग छ भन्न सकिन्छ ।

### स्वभावोक्ति

काव्यमा कुनै पनि प्राणी वा वस्तुको मिल्दो र सुहाउँदो वर्णनलाई स्वभावोक्ति भनिन्छ । ईश्वरलाई चिठी कवितामा स्वभावोक्तिका उदाहरणका रूपमा प्रस्तुत पङ्क्तिलाई लिइएको छ ।

नसम्झिएको दिन रात छैन

र बिर्सिएको पल याद छैन ।

प्रस्तुत कवितांशलाई कविले सरल वर्णन गरेका छन् । कविले ईश्वरका सामुन्ने आफूलाई एउटा भक्तका रूपमा प्रस्तुत गरेका छन् । जीवनको एउटा अभिन्न पाटो ईश्वरको उपासना गरिरहनु वा सम्झिरहनु हो । भक्तको धर्म ईश्वरलाई नबिर्सिकन सम्झनु हो भन्ने उनको धारणा स्वाभाविक शब्दमा कवितामा समेटिएको छ ।

### अन्त्यानुप्रास

अन्त्यानुप्रास भन्नाले कविताका पाउको अन्त्यमा एकै समानको वर्ण वा अक्षर दोहोरिनु भन्ने बुझिन्छ । ईश्वरलाई चिठी कवितामा सबैभन्दा बढी प्रयोग भएको अलङ्कार अन्त्यानुप्रास हो । यस कविताका प्रत्येक श्लोकमा पहिलो पाउ र दोस्रो पाउमा त्यस्तै तेस्रो पाउ र चौथो पाउमा यो अलङ्कारको प्रयोग रहेको छ । यसमा भएका अन्त्यानुप्रास अलङ्कारले हरेक श्लोकलाई श्रुतिमधुर र साङ्गीतिक बनाएको छ । यस कवितामा रहेको अन्त्यानुप्रासका केही उदाहरण यसप्रकार छन् ।

दिन्थेँ बगैँचाभरि फूल छैन

यो दैव मेरो अनुकूल छैन

टिपेर मेरो मन अर्पिंदैछु

फिर्ता नगर्ने प्रणमा दिँदैछु ।

प्रस्तुत कवितांशमा पहिलो र दोस्रो पाउमा फूल छैन र कूल छैन मिलेका अन्त्यानुप्रास छन् भने तेस्रो र चौथो पाउमा पिँदैछु र दिँदैछु मिलेका अन्त्यानुप्रास आएका छन् । यस्ता उदाहरण कवितामा प्रसस्त मात्रामा छन् ।

### रूपक

कवितामा एक वस्तुसँग अर्को वस्तुलाई अभिन्न हुने गरी प्रस्तुत गर्नु नै रूपक अलङ्कार हो । यो अलङ्कारले फलानो नै फलानो हो भन्ने कुरा तोकेर बताउँछ । प्रस्तुत कवितामा रूपक अलङ्कारको उदाहरण यस प्रकार छ ।

म रङ्ग हूँ सर्वतको पुरानो

तिमी नदीकै जल हौ अमूल्य ।

### अतिशयोक्ति

साधारण कुराको असाधारण रूपमा वर्णन गरिने अलङ्कारलाई अतिशयोक्ति अलङ्कार भनिन्छ । प्रस्तुत कवितामा ईश्वरको वर्णन गरेर लेखिने कविता लाखौँ लाख कापीमा पनि नसकिने कुराको उल्लेख गर्दै भनिएको छ ।

लेखूँ सकिन्छन् सय लाख कापी

सकिन्न तिम्रो कविता तथापि ।

प्रस्तुत कवितामा ईश्वरको वर्णन जति लेखेर पनि नसकिने विषयको रूपमा व्याख्या गर्दै लाखै कापीहरू लेखेर भरे पनि ईश्वरको कविता लेखेरै नसकिने असाधारण विषयको रूपमा चित्रण गरिएको छ । यसरी हेर्दा प्रस्तुत कवितामा अतिशयोक्ति अलङ्कारको प्रसस्त प्रयोग भएको छ भन्न सकिन्छ ।

### उपमा

कवितामा कुनै एउटा वस्तुलाई अर्को वस्तुसँग तुलना गर्नु नै उपमा अलङ्कार हो । यस अलङ्कारभित्र पनि विभिन्न भेदहरू हुन्छन् । प्रस्तुत कवितामा उपमा अलङ्कारका उदाहरण निम्नानुसार छन् ।

ढिक्का जमेको छु म मैनजस्तो

तिमी नदीकै जल हौ अमूल्य ।

प्रस्तुत कवितांशमा कविले आफूलाई जमेको मैनसँग र ईश्वरलाई नदीको अमूल्य जलसँग तुलना गरेका छन् । यसरी एउटा कुरालाई अर्को कुरासँग तुलना भएकाले यसमा उपमा अलङ्कार प्रयोग भएको छ ।यसरी प्रस्तुत कवितामा कलाका विविध पक्षहरूमध्ये अलङ्कारका अनेक प्रकारहरूलाई भाव वा विषय अनुसारको उपयुक्त प्रयोग गरिएको पाइन्छ ।

## निष्कर्ष

*ईश्वरलाई चिठी* कविता कवि मनोज भण्डारीद्वारा रचित ईश्वरलाई चिठी कविता सङ्ग्रहभित्रको शीर्ष कविता हो । प्रस्तुत लेखको मुख्य उद्देश्य ईश्वरलाई चिठी कवितामा विचार र कलाको पहिचान गर्नु र विश्लेषण गर्नु रहेको छ । सो उद्देश्यअनुरूप कविताको विचार र कलाको विश्लेषणका लागि गुणात्मक पद्धतिमा आधारित भई यो लेख तयार पारिएको छ । यस लेखमा सैद्धान्तिक पक्षहरूका लागि विभिन्न पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । तिनै सैद्धान्तिक प्रमाणहरूका आधारमा कवितामा विचार र कलाको संयोजनको पहिचान र विश्लेषण गरिएको छ । कविताको विचार र कलाको संयोजनका अध्ययनका लागि विचारतर्फ शीर्षक, भाव वा विषयवस्तुलाई आधार मानेर र कलातर्फ भाषाशैली, छन्द र लय विधान, बिम्बविधान, रसविधान तथा अलङ्कारका आधारमा विश्लेषण गरिएको छ । *ईश्वरलाई चिठी* कविता विचारका दृष्टिबाट हेर्दा ईश्वरीय चेत वा अध्यात्मवाद चेत भरिएको कविता देखिन्छ । ईश्वर जताततै भएर पनि आफूले देख्न नसकेको पुकारा नै ईश्वरलाई चिठी हो । प्रस्तुत कविताको शीर्षक आफैंमा कलापूर्ण छ र कवितामा विचारप्रवाह गर्ने भाषाशैली सरल र सुन्दर रहेको छ । प्रस्तुत कविताको विचार अनुसारको छन्दको छनौटमा उपयुक्तता पाइन्छ । त्यस्तै गरी छन्द र विचारअनुसारका सुन्दर बिम्बहरूको छनौटले कवितालाई सुन्दर र आकर्षक बनाएको पाइन्छ । प्रस्तुत कवितामा शान्त रसको प्रयोग भएको छ जुन रस ईश्वरीय चेत वा अध्यात्मजस्ता विचारमा प्रयुक्त रस हो । कविता विश्लेषणको अर्को पक्ष अलङ्कारका दृष्टिबाट हेर्दा प्रस्तुत कवितामा स्वभावोक्ति, संशय, उपमा, अन्त्यानुप्रास, अतिशयोक्ति, रूपक जस्ता अङ्कारहरू प्रयोग भएका छन् जुन अलङ्कारहरूले कवितालाई पठनीय र श्रुतिमधुर बनाएको छ । कवितालाई छन्दअनुसार सुन्दर बनाउने गति र यति हुन् । प्रस्तुत कवितामा गति र यतिको नियम सम्पूर्ण रूपमा पालन गरिएको पाइन्छ । यी माथि प्रस्तुत गरिएका सबै पक्षहरूलाई विश्लेषण गर्दा *ईश्वरलाई चिठी* कवितामा विचार र कलाको संयोजन रहेको देखिन्छ ।

## सन्दर्भसामग्री


ज्ञवाली, रामप्रसाद (२०७२), *कविताका आधारभूत मानक तथा कविता मूल्याङ्कनका आधारहरू,* काठमाण्डौ ।

सिवा, गोपाल (२०१८), *कविता सिद्धान्त,* जनता समाचार ।

थापा, मोहन हिमांशु (२०१८), *साहित्य परिचय,* काठमाण्डौ ।

नेपाल, देवी (२०७३) *छन्द पराग,* ऐरावती प्रकाशन काठमाण्डौ ।

पोखरेल, पृथ्वीराज (२०७४ फागुन ४), नेपाल लाइभ न्युज डट कम ।

ढकाल, सुभद्रा (२०२० मार्च ११) सडक मिडिया डट कम ।

अनलाइन खबर, (२०७६, सावन १८) www.onlinekhabar.com

थुलुङ उदय, (२०१७ अक्टोबर २९), खबर म्यागजिन, *www.khabar.com*

पौडेल महेश, (२०७७, भदौ ८) साराङ्गी न्यूज डटकम *www.saranginews.com.np*

निरौला, लेखप्रसाद (२०७२) *छन्द कविताको सैद्धान्तिक स्वरूप* ।

उपाध्याय, यदुनन्दन (२०१६) *प्रगतिवादी कविताको स्वरूप,* *www.pwanepal.blogspot.com*

त्रिपाठी वासुदेव (२०५४) *नेपाली कविता भाग चार,* साझा प्रकाशन काठमाण्डौ ।


●●●